# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## सखुवा प्रसौनी गाँउपालिका
## पर्सा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगँउ, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५२६ मितिः २०७९।३।२७

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्षज्यू,
सखुवा प्रसौनी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
पर्सा।

**कैफियत सहितको राय**

हामीले सखुवा प्रसौनी गाँउपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. सखुवा प्रसौनी गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ३२ लाख ७८ हजार बेरुजू देखिएकोमा प्रतिकृया, प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. १२ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ६४ लाख ५७ हजार, नियमित गर्नुपर्ने रू. ९३ लाख ५९ हजार र पेश्की रू. ६२ लाख १० हजार रहेको छ । गाउँपालिकाको गतवर्ष रू. २६ करोड ८७ लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू. २७ करोड ८२ लाख ३२ हजार रहेको छ । गाँउपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।
३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाँउ कार्यपालिका, गाँउप्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदम राज पौडेल)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## सखुवा प्रसौनी गाँउपालिका, पर्सा

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७६ | १३१ | ५३२७८ | ० | ० | ० | ७६ | १३१ | ५३२७८ | १२५१ | ९३५९ | ३६४५७ | ० | ० | ४५८१७ | ६२१० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्सा | २६८७७३ | ० | ४४२०४ | २२४५६९ | ३८५ | ५३२७८ | २७८२३२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सखुवा प्रसौनी गाउँपालिका, पर्सा , सखुवा प्रसौनी गाउँपालिका , पर्सा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सन्देश कुमार यादव | २०७७-४-१ | २०७८-३-३१ |
| लेखा प्रमुख | सुमन कुमार साह | २०७७-४-१ | २०७८-३-३१ |
| | | **बेरुजु रकम** | ५३,२७८,०९३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १३,१५,३२,५३१.१४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,८७,८६,०८० | **चालु खर्च** | २३,६६,३१,८१३.०८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०१,६३,००० | **पूँजीगत खर्च** | १६,८१,३९,७८६ |
| **राजश्व बाँडफाँट** | ६,३३,६५,५६९.५ | **वित्तीय/अन्य व्यवस्था** | ९,२३,५५,५३४.४२ |
| **आन्तरिक आय** | ६०,५६,५७५.०५ | | |
| **अन्य आय** | ७,३१,८५,९८८.५ | | |
| **कुल आय** | ४८,१५,५७,२१३.०५ | **कुल खर्च** | ४९,७१,२७,१३३.५ |
| **बाँकी मौज्दात** | | ११,५९,६२,६१०.६९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभुत रुपमा उल्लेखित नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। उल्लेखित कारोबारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग २०७८।१०।२६ मा छलफल सम्पन्न गरी सुपरीवेक्षकको निर्देशन समेतका आधारमा कायम भएका व्यहोराहरु निम्नानुसार छन्: | |
| २ | | | **परिचय :**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न सखुवा प्रसौनी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु यो गाउँपालिकाको उद्देश्य रहेको छ । प्रदेश नं. २ अवस्थित यो गाउँपालिकामा ६ वडा, ३३ सभा सदस्य, ७४.२७ व.कि.मि. क्षेत्रफल र ३२४४८ जनसंख्या रहेको छ । | |
| ३ | | | **स्थानीय सञ्चितकोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आर्थिक वर्ष २०७७।७८ को समग्र स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः | |

**सखुवा पर्सौनी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय, पर्सा

**कार्यालयको कोड : 80222510300**

### वित्तीय प्रतिवेदन

| प्राप्ती भुक्तानी हिसाब | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | यस बर्ष रु | | | | | | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४५६२९०९२२ | ४३९०९५९४५।५ | | ४३९०९५९४५।५ | ३४४०६९२९६।३ | | ३४४०६९२९६।३ |
| क. प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने) | | ४४४५२४९८० | ४२४०८२६६७।५ | | ४२४०८२६६७।५ | ३२७९५५४६८।९ | | ३२७९५५४६८।९ |
| ११००० कर | ११ | ८६७३०० | ७५४४८३८६।५२ | | ७५४४८३८६।५२ | ५६०२७९४३।८६ | | ५६०२७९४३।८६ |
| १३००० अनुदान | | ३४९२७६०८० | ३४६९४९०८० | | ३४६९४९०८० | २७१९०७५०० | | २७१९०७५०० |
| संघीय सरकार | १२ | ३२९९१३०८० | ३२६७८६०८० | | ३२६७८६०८० | २५१३६५५०० | | २५१३६५५०० |
| प्रदेश सरकार | १२ | २०१६३००० | २०१६३००० | | २०१६३००० | २०५४२००० | | २०५४२००० |
| १४००० अन्य राजस्व | | ८४७५६०० | १२२१३४१ | | १२२१३४१ | २००२५ | | २००२५ |
| १५००० विविध प्राप्ती | | ५००० | ४६३८६० | | ४६३८६० | ० | | ० |
| ख. अन्य प्राप्ती | | ११७६५९४२ | १५०१३२७८ | | १५०१३२७८ | १६११३८२७।४ | | १६११३८२७।४ |
| विवरण गर्न बाकी राजस्व | | ० | ० | | ० | ० | | ० |
| कोषहरु | | ११७६५९४२ | १०७१५९४२ | | १०७१५९४२ | ९५०३१७७ ।४ | | ९५०३१७७।४ |
| धरौटी | | ० | ४२९७३३६ | | ४२९७३३६ | ६६१०६५० | | ६६१०६५० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | | ० | ० | | ० |
| भुक्तानी (ग+घ) | | ५८१५०४९४५।१ | ४१८७३९३९०।५ | | ४१८७३९३९०।५ | ३०५५९३४९२।८ | १४५००० | ३०५५९३४९२।८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६९७३९०१२। | ४०४७७१५९९। | | ४०४७७१५९९। | २९५६४२४६६।४ | १४५००० | २९५६४२४६६।४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | | १ | | | |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | १४३६६६।५८ | १०५७३४०१४।८ | | १०५७३४०१४।८ | ९४३८५९४६।८ | | ९४३८५९४६।८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११८६५१।९४ | ९५७१९२४५।१६ | | ९५७१९२४५।१६ | ७४७४८७९६।७६ | १४५००० | ७४७४८७९६।७६ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | | ० | ० | | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २८५३०००० | १४८५३५८८ | | १४८५३५८८ | ५३८१९११ | | ५३८१९११ |
| २८००० अन्य खर्च | १८ | २०६६६१६५।०९ | २०३२४९६५ ।०९ | | २०३२४९६५।०९ | १७१९००० | | १७१९००० |
| ३१००० गैर वित्तिय सम्पत्ती/ पूँजिगत खर्च | १८ | २५८२२४३२६।१ | १६८१३९७८६ | | १६८१३९७८६ | ११८४०६८११।८ | | ११८४०६८११।८ |
| घ. अन्य भूक्तानी | | १७६५९४२ | १३९६७७११।३८ | | १३९६७७९१।३८ | ३०५५९३४९२।८ | १४५००० | ३०५५९३४९२।८ |
| कोषहरु | | ११७६५९४२ | ९०५६४७७।३८ | | ९०५६४७७।३८ | ६७४७१८६।४ | | ६७४७१८६।४ |
| धरौटी | | ० | ४९११७०३ | | ४९११७०३ | ३२०३८४० | | ३२०३८४० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | | ० | ० | | ० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | ३८९ | | ३८९ | | | |
| ङ. यो वर्षको बचत (न्यून) | | १२५२१४०३२।१ | २०३५६५५५।०६ | | २०३५६५५५।०६ | ३८४७५८०३।४७ | १४५००० | ३८४७५८०३।४७ |
| च. गतबर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १३१५३२५३१।१ | | १३१५३२५३१।१ | ८६४८६९२२।२७ | | ८६४८६९२२।२७ |
| वर्षान्तको बाकी रकम (ङ+च) | | १२५२१४०३२।१ | १५१८८९०८६।२ | | १५१८८९०८६।२ | १२४९६२७२५।७ | १४५००० | १२४९६२७२५।७ |
| बैंक तथा नगद बाकी | २४ | | १५४०२९००७।२ | | १५४०२९००७।२ | १३२४५३०६६।४ | | १३२४५३०६६।४ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण विश्लेषणः** | |
| ४.१ | | | **वित्तीय विवरणः** गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गीकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ। गाउँपालिकाको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरी तर्फको रु. | |

| | | | | |
|---|---|---|---|---|
| | | | ८१२७६८००।– SuTRA सफ्टवयेरमा समावेश नभएको व्यहोरा कार्यालयले जनाएको छ। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ। | |
| ४.२ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ। तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १२७६३३०८६.९१ मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु. १३१५३२५३१.१४ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३८९९४४४.२३ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ। साथै, गत वर्षको SuTRA को वित्तीय विवरण म.ले.प.फा. नं. २७२ मा वर्षान्तको बाँकी रु. १२४८१७७२५.७४ रहेकोमा यस वर्षको शुरुमा रु. १३१५३२५३१.१४ देखिन्छ। वर्षान्तमा बाँकी रहेको रकम बराबरको रकम जिम्मेवारी सार्नु पर्नेमा रु. ६७१४८०५.४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन हुनुपर्दछ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३८९९४४४.२३ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । कार्यालयले प्रयोग गरेको SuTRA सफ्टवेयर र एकीकृत आर्थिक विवरण अनुसार फरक फरक मौज्दात देखाएकोले वित्तीय विवरण यथार्थपरक देखिएन । | |
| ४.३ | | | **बैंक हिसाव मिलान नगरेकोः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैङ्क हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ। | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व खाता | ६०५६५७५.०५ | ६०५६५७५.०५ | ० | |
| २ | राजश्व बाँडफाँट खाता | ० | ८५८०८५० | **०** | |
| ३ | आन्तरिक अनुदान खाता | ० | ४०००००० | **०** | |
| ४ | चालु खर्च खाता | ४५३४१००६.३८ | २९०७९४३२.७१ | १६२६१५७४ | बैक घटी |
| ५ | पुँजीगत खर्च खाता | १४६४५२१४ | ३९७१८२३ | १०६७३३९१ | बैक घटी |
| ६ | विविध खर्च खाता | ० | १४४९६७.५० | | |
| ७ | धरौटी खाता | ५७०४१३२ | ५७०४१३२ | ० | |
| ८ | सञ्चित कोष खाता | ७६३८३३०५.१५ | ९९३३९६३७.३७ | २२९५६३३२ | बैक बढी |
| ९ | प्रकोप व्यवस्थापन कोष खाता | १५९८५३.६२ | २०७८०.६२ | १३९०७३ | बैक घटी |
| | जम्मा | **१४८२९००८६.२०** | **१५६८९८१९८.७०** | **८६०८११३** | बैक बढी |

४.४ **कार्यालयले देहाय बमोजिम एकीकृत वित्तीय विवरण तयार गरेको छ ।**

| सि.न | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | | रकम | | विवरण | | रकम |
| १ | गत बर्षको जिम्मेवारी | | १३१५३२५३१.१४ | 1 | चालु खर्च | | २३६६३१८१३.०८ |
| | क) नगद | 0 | | | क) सखुवा प्रसौनी गाउँपालिका | १०५०३७६१४ | |
| | ख) बैंक अनुसुचि १ अनुसार | १२५२१४०३२.१४ | | | ख) सखुवा प्रसौनी गाउँपालिका स्वास्थ्य | 0 | |
| | ग) धरौटी | ६३१८४९९ | | | ग) सखुवा प्रसौनी गाउँपालिका शिक्षा | 0 | |
| | घ) प्रकोप व्यवस्थापन कोष | 0 | | | घ) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त) | १३१५९४१९८.९९ | |
| २ | संघीय वित्तिय हस्तानान्तरण | | ३१८७८६०८०.०० | २ | पूँजिगत खर्च | | १६८१३९७८६. |
| | क) वितिय समानिकरण | ११४०००००० .०० | | | क) सखुवा प्रसौनी | ११८११८९५६. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | गाउँपालिका | | |
| | ख) सशर्त अनुदान | २०४७८६०८० | | | ख) सखुवा प्रसौनी गाउँपालिका स्वास्थ्य | 0 | |
| | ग) समपुरक अनुदान | ८०००००० | | | ग) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक) | ८०००००० .०० | |
| ३ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २०१६३०००. | | घ) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त) | ३१०४८३४७. | |
| | क) वितिय समानिकरण अनुदान | ७१६३००० | | | ङ) प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम (शसर्त/ विशेष) | १०९७२४८३. | |
| | ख) सशर्त अनुदान | ८०००००० | | ३ | सशर्त अनुदान | | 0 |
| | ग) सम्पुरक अनुदान | २०००००० | | | - | 0 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | ३०००००० | | | - | 0 | |
| | आन्तरिक आय | | ६९४२२१४४.५१ | | - | 0 | |
| ४ | क) आन्तरिक राजस्व | ६०५६५७५ .०५ | | ४ | विषयगत निकाय खर्च | | ८०२७११३५ .०० |
| | ख) राजस्व वाडँफाड | ६३३६५५६९ .५ | | | क)स्थानीय विकास पुर्वाधार कार्यक्रम | १८४५९२२६ .०० | |
| | | | | | ख)सामाजिक सुरक्षा कार्यक्रम | ६१८११९०९ | |
| | विषयगत निकायबाट प्राप्त | | ६२५६१७६७ .५० | | ग)प्रदेश सरकार-राहत वितरण कार्यक्रम | 0 | |
| | क)स्थानीय विकास पुर्वाधार कार्यक्रम | १८८६०००० .०० | | | घ)बहुक्षेत्रिय पोषण कार्यक्रम | 0 | |
| | ख)सामाजिक सुरक्षा कार्यक्रम | ६२४१६८०० .०० | | | ज)राष्ट्रिय पञ्जिकरण कार्यक्रम | ० | |
| | | 0 | | | | 0 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग)प्रदेश सरकार-राहत वितरण कार्यक्रम | | | | ज)राष्ट्रिय पञ्जिकरण कार्यक्रम पुँजीगत | | |
| | घ)बहुक्षेत्रिय पोषण कार्यक्रम | 0 | | | छ)पोषण कार्यक्रम | 0 | |
| | ज)राष्ट्रिय पञ्जिकरण कार्यक्रम | 0 | | | ज)बेटी बचाउ बेटी पढाउ कार्यक्रम | 0 | |
| | ज)राष्ट्रिय पञ्जिकरण कार्यक्रम पुँजीगत | 0 | | | ङ) युनिसेफ | 0 | |
| | छ)पोषण कार्यक्रम | 0 | | | च)महिला स्वंय सेविका पोशाक | 0 | |
| | ज)बेटी बचाउ बेटी पढाउ कार्यक्रम | 0 | | | कोलेनिका फिर्ता | | १००५६६५ |
| ५ | ङ) युनिसेफ | 0 | | | क) संघीय सशर्त अनुदान | ० | |
| | च)महिला स्वंय सेविका | 0 | | | ख) प्रदेश सशर्त | 0 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पोशाक | | | | अनुदान | | |
| | ट)स्थानीय क्षमता विकास कार्यक्रम | १४४९६७ .५० | | | ग) बिषयगत फिज हुने अनुदान | १००५६६५ .०० | |
| | अन्य आय | | 0 | ५ | धरौटी फिर्ता | | ४९११७०३ .०० |
| ६ | राजस्व आम्दानी -मालपोत | | 0 | | विभिन्न कोष खर्च | | ६१६७०३१ .३८ |
| ७ | धरौटी प्राप्ती | | ४२९७३३६ | | क) स्थानिय तह प्रकोप व्यवस्थापन कोष | ६१६७०३१ .३८ | |
| ८ | अन्तर स्थानीय तहबाट प्राप्त | | ० .०० | | - | | |
| ९ | विभिन्न कोष आम्दानी | | ६३२६८८५ .०० | ६ | जम्मा बाँकी मौज्दात | | ११५९६२६१० .६९ |
| | क) स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ६३२६८८५ .०० | | ७ | क) श्रेस्ता अनुसार बाँकी मौज्दात | ११००९८६२५ .०७ | |
| | दायित्व कर दाखिला तथा | | 0 | ८ | ख) धरौटी बाँकी | ५७०४१३२ .०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चेक साट्न बाँकी | | | | | | |
| | | | | | ग) स्थानिय तह प्रकोप व्यवस्थापन कोष-बाँकी मौज्दात | १५९८५३ .६२ | |
| | जम्मा | | ६१३०८९७४४ .१५ | | जम्मा | | ६१३०८९७४४ .१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशील वमोजिम रहेका छन्।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयगत, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन।<br>·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छैन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन। | | |

· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

· निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन।

· निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन स्थानीय तहको कर्मचारीको आन्तरिक लेखापरीक्षण शाखाबाट पारित गरेको पाईयो।

· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची - २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै, पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क खडा गरेको देखिएन।

· दिगो बिकास योजना (२०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

· स्कुटर, ल्यापटप र कम्प्युटर लगायत खर्च भएर नजाने सामानहरुको नाम नामेसी खुल्ने गरी व्यक्तिगत खाता बनाई अद्यावधिक गरेको पाइएन। वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन।

· खर्च भएर नजाने सवारी साधन मोटरसाइकल, ल्यापटप लगायतका सामानहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा दाखिला गरेको छैन।

· खर्च भएर जाने सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गर्न शुरु गरेतापनि अद्यावधिक प्रतिवेदन दिने गरी प्रविष्टि नभएकोले वर्षभर कति खर्च भयो यकिन गर्न सकिएन।

· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका लिलामी, मर्मत र मिन्हा जस्ता विषयहरु सम्बोधन हुने गरी कारवाही हुनुपर्दछ।

· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद वील भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिकोतर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

· वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| | | | | |
|---|---|---|---|---|
| ६ | | | **योजना तर्जुमा, बजेट तथा कार्यक्रमः** | |
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री फुलमती देवी थरुनीले २०७७।०३।१० गते रु छपन्न करोड सन्तान्नब्बे लाख उन्नचालिस हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६.२ | | | **चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने व्यवस्था छ। तर, साविकको आर्थिक कार्यविधि नियमावलीको नियम २३ अनुसार चौमासिक रुपमा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था बमोजिम कार्यालयले प्रयोगमा ल्याएको SuTRA सफ्टवेयर प्रणाली अनुसार पुँजीगत खर्चको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | ३१११११ | ४७,९८ | ० | ११,४१ | ३६,५७ | २५,०१ |
| २ | ३१११२ | १२,४८ | ० | ० | १२,४८ | १०,४८ |
| ३ | ३१११३ | ० | ० | ० | ० | ० |
| ४ | ३११२१ | ३,८५ | ० | ३,८५ | ० | ० |
| ५ | ३११२२ | ६९,०१ | ६५ | १४,४१ | ५३,९५ | ४२,३६ |
| ६ | ३११२३ | १९,९८ | ० | ० | १९,९८ | १४,११ |
| ७ | ३११३५ | ० | ० | ० | ० | ० |
| ८ | ३११५१ | ३,७४,४२ | ० | १,०३,४७ | २,७०,९५ | १,३८,८४ |
| ९ | ३११५३ | १९,३७ | ० | ५,०० | १४,३७ | १४,३७ |
| १० | ३११५४ | ० | ० | ० | ० | ० |
| ११ | ३११५५ | १५,५० | ० | ० | १५,५० | ३,३८ |
| १२ | ३११५६ | २,६८ | २,३० | ० | ३७ | ३७ |
| १३ | ३११५७ | ९९ | ० | ० | ९९ | ९९ |
| १४ | ३११५८ | ४८,४४ | ० | २,२६ | ४६,१७ | १२,१२ |
| १५ | ३११५९ | १०,६६,६३ | ४,८१ | १,७१,१४ | ८,९०,६८ | ६,५९,३३ |
| | कूल खर्च: | १६,८१,३९ | ७,७६ | ३,११,५६ | १३,६२,०६ | ९,२१,४२ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खर्च प्रतिशत | ६५.११ | ०.३० | १२.०६ | ५२.७५ | ३५.६८ |

६.३

**क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७७/७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४२,४८,५१,८० | २८,२०,८३,९३ | ६.९६ |
| सामाजिक क्षेत्र | २,५१,५२,८७,८७ | १,७७,६३,४८,१९ | ४३.८८ |
| पूर्वाधार विकास क्षेत्र | १,६१,३५,५८,९० | १,०४,६८,७७,८४ | २५.८८ |
| वातावरण तथा विपद् व्यवस्थापन | २६,३९,९२१ | १२,३९,५०७ | ०.३० |
| संस्थागत विकास र सेवा प्रवाह | ५९,५०,००० | ५४,९६,४७५ | १.३५ |
| वित्तीय व्यवस्थापन र सुशासन | ११,००,००,०० | ८,९६,६६,१५ | २.२३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९३,८७,९२,३४ | ७८,५३,८०,०५ | १९.४० |
| **जम्मा** | ५,६९,७३,९०,१२ | ४,०४,७७,१५,९९ | |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ६.९६ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४३.८८ प्रतिशत, पूर्वाधारतर्फ २५.८८ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ३.८८ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च १९.४० प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ६.९६ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

६.४

**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा

टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत विनियोजन कामका योजनाहरु देहायअनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ११ | ९४३००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ९१ | ३४६६६००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २८ | २१६०५००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २१ | ५०५८९००० |
| ५ | ५० लाख भन्दा माथीका | ९ | ६०३३९००० |
| | **जम्मा** | **१६०** | **१६८१४२०००** |

७ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

७.१ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर, गाउँपालिका कार्यालयले विभिन्न पदमा २१ जना कर्मचारीहरु करारमा राखी रु. ५४८८६००।- खर्च लेखेको छ। संगठन तथा व्यवस्थापन सर्भेक्षण वेगर भुक्तानी गरेको रकम नियमसम्मत देखिएन ।

७.२ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८७ र यो बर्ष थप भएको १०० गरी कुल १८७ विवाद दर्ता भएकोमा २६ वटा मात्र फछ्र्यौट भई १६१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८ **आन्तरिक लेखापरीक्षणः**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयबाट अन्तरसरकारी अख्तियारीतर्फको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको छ । अन्य कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। | |
| ९ | | | **खाना तथा खाजा खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. २१,९९,८६७।– खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १० | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष १९ व्यक्ति एवं संघ संस्थालाई रु. २,७०,०००।– आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ११ | | | **अनुदान फिर्ताः**<br>संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले पेश गरेको विवरण अनुसार खर्च नभई बाँकी रहेको २०७८।६।८ मा रु. ४२२४९४९२।- फिर्ता गरेको जनाएको छ। म.ले.प.फा. नं. २७२ को अनुसूची-२१ ले समायोजन वा फिर्ता गर्नुपर्ने रकम देखाएको छैन। | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २०४७८६०८० | १६२६४२५४६ | ४२१४३५३४ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ८०००००० | ८०००००० | ० |
| | अन्य | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त | ८०००००० | ८०००००० | ० |
| | विषेश | ३०००००० | २९७२४८३ | २७५१७ |
| | समपुरक | २०००००० | १९२१५५९ | ७८४४१ |
| | अन्य | ० | ० | ० |
| | **जम्मा** | **२२५७८६०८०** | **१८३५३६५८८** | **४२२४९४९२** |

१२

**अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. २४८८४१।– तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. २९९६००।– गरी रु. ५४८४४१ खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१३

**डपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| चिल्ड्रेन पार्कको डिपीआर | नव ज्योती ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | १०००००० | ९९१०१० |

| | | | | |
|---|---|---|---|---|
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| १४ | | | **सवारी साधन खरिदः**<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ६,६६,८२८।– खर्च गरेका छन् । | |
| १५ | | | **विपद् व्यवस्थापनः** | |
| १५.१ | | | **समिति गठनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ। | |
| १५.२ | | | **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागु गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गर्नु/गराउनु पर्दछ। | |
| १५.३ | | | **प्रकोप व्यवस्थापन कोषः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। पालिकाले गत वर्षको मौज्दात रु. ४१,०६७.५१ आम्दानी भई रु. १,७१,६५,९६९।- खर्च गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | | बाँकी रु. ३,८९,२४३.८१ देखाएको छ। पालिकाले नियममा तोकिएबमोजिम कोष खडा गरी खर्च गरेको छैन। ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |
| १५.४ | ४० | २०७८-३-३१ | आयुर्वेदिक स्वास्थ्य शिविर सञ्चालन गरेको भनी सात्विक आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रलाई रु १५०००००। भुक्तानी गरेकोमा देहायका व्यहोरा देखिएका छन् । | |
| १५.५ | | | संलग्न विवरण अनुसार चिकित्सक यातायात खर्च भनी रु ३०००००। भुक्तानी गरेको छ । साथै गाडी भाडा भनी रु ३००००। समेत सोही केन्द्रलाई भुक्तानी गरेको छ । एकै कार्यक्रमको लागी एउटै प्रकृतिको दोहोरो यातायात खर्च भुक्तानी गरेकोमा दोहोरो यातायात खर्च बापतको रकम रु ३००००। असुल हुनुपर्ने रु..... | ३०,००० |
| १५.६ | | | उक्त कार्यक्रमको लागि पत्राचार र ब्यानर उल्लेख गरी रु ७०००। खर्च लेखेकोमा सो खर्च पुष्टाइँ हुने कागजात पेश नभएको, अनुगमन मूल्याँकन खर्च भनी गाउँ प्रमुख,वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र कार्यक्रम संयोजकको रुपमा भत्ता वितरण गरेको भनी रु २३०००। भुक्तानी गरेकोमा सो वितरणको भर्पाई पेश नभएको, प्रतिवेदन खर्च भनी रु ५०००। खर्च लेखेकोमा सोको प्रतिवेदन पेश नभएको देखिँदा उक्त रकम सम्बन्धित केन्द्रबाट असुल हुनुपर्दछ । | ३५,००० |
| १५.७ | ४४ | २०७८-३-२० | सात्विक आयुर्वेद अस्पतालबाट आयुर्वेदिक औषधि खरीद बापत भनी विभिन्न ५ प्रकारका आयुर्वेदिक औषधि खरीद गरी रु ३८३२५०। भुक्तानी गरेको छ । संलग्न विल अनुसार psychiatric counseling भनी १७५ परिमाणको रु १५० को दरले रु २६२५०। भुक्तानी गरेको छ । साथै ५ प्रकारका औषधि Gilloy Juice, Ashwagandha Cap, Chywanprash, Gilloy Imun and Immunity Kadha खरीद गरेकोमा packing cost भनी छुट्टै रु ८७५०। भुक्तानी गरेको छ । उक्त काउन्सेलिँग बापत खर्च लेखेकोमा सोही अवधिमा सोही संस्थाबाट आयुर्वेद शिविर सञ्चालन खर्च लेखेकोमा काउन्सेलिँग खर्च दोहोरो देखिएको एवं १७५ जनालाई काउन्सेलिँग गरेको विवरण समेत पेश भएको नदेखिँदा सो रकम असुल हुनुपर्ने रु | २६,२५० |
| १५.८ | | | **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | |
| १५.९ | | | **कोभिड १९:** आर्थिक वर्ष २०७७।७८ को असार मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको | |

विवरण निम्नानुसार रहेको छः

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | २८८९०५७ | राहत वितरण | ० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ४८८९९२१ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ९०८७४८ |
| संघीय कोभिड कोषवाट | १४३६९६४ | औषधी एवं स्वास्थ्य उपकरण खरिद | १८५७०१६ |
| प्रदेश कोभिड कोषवाट | ० | आइसोलेसन केन्द्र निर्माण | १८६०८११ |
| अन्य स्रोतबाट | ० | खोप कार्यक्रम खर्च | २५९०४ |
| | ० | जोखिम भत्ता | १५१४५१७ |
| | ० | प्रशासनिक खर्च | ६४९०६९ |
| | ० | अन्य खर्च | ८०८९०३ |
| | ० | वाँकी | १५९८५३ |
| **जम्मा** | **९२१५९४२** | | **९२१५९४२** |

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** | |
| १६.१ | | | स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।यस सम्बन्धमा निम्नानुसार देखिएको छ: | |
| १६.२ | | | पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ। | |
| १६.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा | |

<table>
<tr><td></td><td></td><td></td><td>प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ। उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ। यस सम्बन्धमा यस वर्ष कुनै कार्य नभएको कार्यालयले जनाएको छ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>पेस्की बाँकीः<br>प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेस्की रकम सही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेस्की रकमको नाम नामेसी सहित के के बापत पेस्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी पेस्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । सुत्र सफ्टवेयरको अनुसूची २३ अन्तर्गत पेस्की बाँकी देहायबमोजिम देखाएको छ।
<table>
<tr><th>शीर्षक</th><th>रकम</th></tr>
<tr><td>कर्मचारी</td><td>१०१००००</td></tr>
<tr><td>ठेकेदार</td><td>१७०००००</td></tr>
<tr><td>अन्तर्गत निकाय</td><td>३५०००००</td></tr>
<tr><td>जम्मा</td><td>६२१००००</td></tr>
</table>
उल्लेखित पेस्की रकम समेत समयमा नै फछ्र्यौट गरी फरफारक गर्नुपर्दछ । देहाय बमोजिमको म्याद नाघेको पेश्की समयमा नै फस्र्यौट हुनुपर्ने रु</td><td>६,२१०,०००</td></tr>
</table>

| क्रम | कर्मचारीको नाम | पेस्की रकम |
|---|---|---|
| १७.१ | चन्द्र शेखर दास | ५,००,००० |
| १७.२ | अमित कुमार कुशवाहा | ९०,००० |
| १७.३ | गयालाल हजरा | ५०,००० |
| १७.४ | बृजकिशोर महतो | ५०,००० |
| १७.५ | शिव कुमार महतो | १,२०,००० |
| १७.६ | सुनिल कुमार कलवार | २,००,००० |
| १७.७ | अर्चना कन्सट्रक्सन | १७,००,००० |
| १७.८ | राम जानकी आधार विद्यालय | ३,००,००० |
| १७.९ | श्री दीप नारायण आदर्श मा.वि. औराहा पचगाँवा | २,५०,००० |
| १७.१० | श्री दीप नारायण आदर्श मा.वि. औराहा पचगाँवा | ५,००,००० |
| १७.११ | श्री दीप नारायण आदर्श मा.वि. औराहा पचगाँवा | १,५०,००० |
| १७.१२ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, महुवन | २,५०,००० |
| १७.१३ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सियरही सथवल | ३,००,००० |
| १७.१४ | श्री दीप नारायण आदर्श मा.वि. औराहा पचगाँवा | ५,००,००० |
| १७.१५ | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय गुलवरीया फारम | २,००,००० |
| १७.१६ | गढ़ी भगवती आधार विद्यालय | ३,००,००० |
| १७.१७ | भोले शंकर आधारभुत विद्यालय | ५,५०,००० |
| | | |

| | | | | |
|---|---|---|---|---|
| | | | १७.१८ रामसुरात महातो आधार विद्यालय २,००,००० | |
| | | | १७.१९ ० | |
| १८ | | | **शिक्षा तर्फः** | |
| १८.१ | | | **शिक्षक दरबन्दी तथा पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | दीप ना आ उ मा वि औराहा | ३० | २३ | १ | १०५५ |
| २ | ने रा मा वि सियरही सथवल | १७ | १६ | २ | ८३१ |
| ३ | भोलेशंकर नि मा वि औराहारेन्ज | ६ | ५ | | २६७ |
| ४ | दलित प्रा वि महवन | ३ | २ | | २०२ |
| ५ | ने रा प्रा वि एकडर्वा | ५ | ४ | | २१९ |
| ६ | देवीमाई प्रा वि लखनपुर | ४ | २ | | २८९ |
| ७ | ने रा मोहनआदर्स नि मा वि औराहा पचगावा | ७ | ६ | २ | ३३४ |
| ८ | ने रा प्रा वि गुलवरिया फारम | ५ | ३ | १ | २६४ |
| ९ | गढी भगवती प्रा वि सखुवा प्रसौनी | ३ | २ | | २०१ |
| १० | ने रा प्रा वि दोहरी | २ | २ | | १५१ |
| ११ | गढी भगवति प्रा वि सखुवनीया | ६ | ६ | | १७० |
| १२ | ने रा प्रा वि ओझैया प्रसौनी | ३ | २ | | २४३ |
| १३ | ने रा नि मा वि कौवावन कटैया | ६ | ५ | | ४५६ |
| १४ | ने रा नि मा वि सिद्धपुर | ७ | ७ | | २९६ |
| १५ | मकतब मिसबाहुल उलुम कौवावन कटैया | ० | १ | | १६९ |
| १६ | मदर्सा इस्लामिया फैजुल उलुम देउरवाना | १ | १ | | ४२० |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | ने रा प्रा वि कौवावन | १ | १ | | ८६ |
| १८ | ने रा जनजाती प्रा वि सिद्धपुर | १ | १ | | |
| १९ | ने रा प्रा वि जगदिशपुर जमुनिया | ३ | २ | १ | २२७ |
| २० | रामजानकी प्रा वि लखनपुर | १ | १ | | २३२ |
| २१ | अरुणोदय यूवा प्रा वि बलुवा | ३ | २ | | १३९ |
| २२ | मदर्सा इस्लामिया नुरुल उलुम कौवावन कटैया | १ | १ | | ४३४ |
| २३ | रामसुरत महतो प्रा वि श्रीपुर | ३ | २ | | १२३ |
| २४ | शिव प्रा वि रामभौरी | ३ | ३ | | ११७ |
| २५ | ने रा मा वि महुवन | १६ | ११ | | ११५४ |
| २६ | जानकी राजेश पंडित नि मा वि महुवन | ५ | ३ | | ५१६ |
| २७ | दलित मुक्ती प्रा वि छोटा टोला सोलकपुर | ० | | | १३२ |
| २८ | भगवान राम चन्द्र प्रा वि खजुरिया | १ | १ | | ९७ |
| २९ | ने रा मा वि देउरवाना | ७ | ७ | ३ | ८१६ |
| | जम्मा | १५० | १२० | १० | ९६४० |

विद्यार्थी संख्या न्यून भएका विद्यालयका शिक्षक दरबन्दी मिलान गर्नु पर्ने वा विद्यालय नै मर्ज गर्ने सम्बन्धमा आवश्यक कारवाही गर्नु पर्दछ।

१८.२ **विद्यालयको अनुगमनः** विद्यालयलाई दिएको अनुदानलाई व्यवस्थित र प्रतिफल बनाउनको लागि गाउँपालिकाले विद्यालय अनुगमन मापदण्ड बानाई लागु गर्नु पर्नेमा मापदण्ड बनाएको पाइएन। गाउपालिकाले अनुगमन मापदण्ड बनाई विद्यालयलाई दिएको अनुदानको अनुगमन गरी

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिवेदनसमेत गर्नुपर्छ। | |
| १८.३ | | | **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमुना अनुसूची ४ मा राखिएको छ सोही अनुसार कार्यान्वयन गर्ने र व्यवस्थापकीय पक्षहरूमा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ समेतका अधारमा लिई स्थानिय तहले दिवा खाजाको अनुदान दिएकोमा मापदण्ड र गुणस्तर सुनिश्चित गरेको देखिएन। कार्यालयले दिवा खाजाको अनुगमन गरी गुणस्तर र मापदण्ड समेत सुनिश्चत गर्नु पर्छ। दिवा खाजामा बालविकास देखि कक्षा ५ सम्म २८ वडा विद्यालयमा जम्मा रू ५०६३७९०। निकासा दिएकोमा सोको खर्चको विल भर्पाई पेश गर्नुपर्नेमा २८ विद्यालय मध्ये ७ वटा विद्यालयले मात्र खर्चको विल पेश गरेकोमा अन्य विद्यालयको हकमा खर्चको वास्तविकता यकिन हुन नसकेको रु. | ५,०६३,७९० |
| १८.४ | | | **निशुल्क पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ मा निःशुल्क पाठ्यपुस्तक अनुदान IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्याथीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संङ्खया यकीन गरी स्थानीय तहले अनुदान दिने व्यवस्था रहेको छ । कार्यालयले निम्न विद्यालयलाई निःशुलक पाठ्यपुस्तक अनुदान दिदा वास्तविक विद्यार्थी र शिक्षा अधिकृतबाट प्रमाणित भएको कागजात भन्दा बढी निकासा दिएको रकम असुल गर्नुपर्ने रु | २९,५४३.६ |
| १९ | | | **कर दस्तुर एवं आन्तरिक आयः** | |
| १९.१ | | | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति | |

Table within 18.4:

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| १८.४.१ | ने रा मावि सियरही सथवल | १९,६०६.८ |
| १८.४.२ | मदर्सा इस्लामिया नुरुल उलुम कौवावन कटैया | ३,०४८.९ |
| १८.४.३ | भोलेशंकर आ वि औराहारेन्ज | ३,९३७.९ |
| १८.४.४ | नेरा निमावि सिद्धपुर | २,९५० |
| १८.४.५ | | ० |


https://nams.oag.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | निम्नानुसार रहेको देखिन्छ । | | |



https://nams.oag.gov.np

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१३ - एकीकृत सम्पती कर | १०००००० | ० | ० |
| ११३१४ - भुमिकर/मालपोत | १०००००० | ४००३५२२।०५ | ४०० |
| ११३२१ - घरवहाल कर | १६०००० | २५१०५२ | १५७ |
| ११३२२ - वहाल विटौरी कर | ४७०००० | ११२८०० | २४ |
| ११६९१ - अन्य कर | १०००० | ४००० | ४० |
| १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५००००० | २१७००० | ४३ |
| १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ५८५०००० | ० | ० |
| १४२२१ - न्यायिक दस्तूर | ४००००० | १६६५० | ४ |
| १४२२४ - परीक्षा शुल्क | ४०००० | ३६३०० | ९१ |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १५०००० | १८८५३५ | १२५ |
| १४२४२ - नक्सापास दस्तुर | ५००००० | ७४१३० | १५ |
| १४२४३ - सिफारिश दस्तुर | ६१३३५० | १८०७५७ | २९ |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ४१२५० | ६९१०५ | १६७ |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ६०००० | ० | ० |
| १४२४९ - अन्य दस्तुर | ५००० | ६९२६० | १३८५ |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १४००० | ५००० | ३५ |
| १४५२९ - अन्य राजस्व | २००० | ३६२६०४ | १८१३० |
| | | | |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१४६११ - व्यवसाय कर</td><td>३०००००</td><td>२०००</td><td>१</td></tr>
<tr><td>१५१११ - बेरूजू</td><td>५०००</td><td>४६३८६०</td><td>९२७७</td></tr>
<tr><td>जम्मा</td><td>१११२०६००</td><td>६०५६५७५।०५</td><td>५४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी स्रेस्ता खाडा गर्नु समेत उल्लेख छ। गाउँपालिकाले वडा कार्यालयहरुलाई आम्दानी रसिद, मालपोत रसिद र पञ्जीकरण रसिद उपलब्ध गराएकोमा सो बापत के कति राजस्व आम्दानी भएको हो र कति राजस्व संकलन गरेको कार्यालयले सोको वडागत विवरण नराखेकोले राजस्व कारोबार रकम यकिन गर्न सकिएन ।राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी स्रेस्ता नराखेको र बैङ्क मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन। पालिकाले शिर्षकगत आय अभिलेख नराखेको एवं समयमै राजस्व दाखिला नगरेकोले यस सम्बन्धमा पालिकाले एकिन गरी राजस्व दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>देहाय बमोजिमको वडाबाट संकलित रकम भन्दा घटी रकम बैक दाखिला गरेको हुँदा सो रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१९.३.१</td><td>वडा नं ३ श्री वृजकिशोर प्रसाद</td><td>२,९८८</td></tr>
<tr><td>१९.३.२</td><td>वडा नं ४ श्री चन्द्र किशोर प्रसाद</td><td>६,८०८</td></tr>
<tr><td>१९.३.३</td><td>वडा नं ५</td><td>८७५</td></tr>
</table></td><td>१०,६७१</td></tr>
<tr><td>१९.४</td><td></td><td></td><td>कार्यालयले शीर्षकगत आय विवरण राखेको छैन।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>१९.५</td><td></td><td></td><td>रकम ढिला दाखिला गर्नेः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैङ्क दाखिला गर्नु पर्ने</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था छ। स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले ६ महिना, १ वर्ष पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ। | |
| १९.६ | | | **व्यवसाय कर:** प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरङ्गको प्रयोग गरी गरिएको प्रचारको लागि राखिने बस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लागाइ असुल गरी उल्लेख छ। तर पालिकाले यस सम्बन्धी कुनै कर असुल गरेको देखिएन। | |
| १९.७ | | | **मनोरञ्जन कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७६।७७ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ। | |
| १९.८ | | | **अभिलेख:** पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। | |
| १९.९ | | | गाउँपालिकाले वडा नं. ५ र १ मा रहेका २ इट्टा चिम्नी र १ पेट्रोल पम्प लगायतको अभिलेख राखी आय संकलन गरेको छैन । अन्य वडामा समेत रहेका यस्ता चिम्नी तथा पेट्रोल पम्पको अभिलेख राखी नियमानुसार आन्तरिक आय संकलन गर्नुपर्दछ । | |
| १९.१० | | | गाउँपालिका भित्र रहेका हाटबजारको आन्तरिक आय ठेक्कालगाई आय संकलन गरेको देखिएन । हाटबजारको ठेक्का लगाई आम्दानी गर्नुपर्दछ। | |
| १९.११ | | | गाउँपालिकाभित्र रहेका पोखरीको समेत ठेक्का लगाएको छैन । गाउँपालिकाले पोखरीको आय संकलन गरेको सुनिश्चित गर्नुपर्दछ । | |
| २० | | | **उपभोक्ता समिति मार्फत कार्य:** | |
| २०.१ | | | **उपभोक्ता समिति दर्ता:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न १६० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. १६८१४२०००।- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | | |
| २०.२ | | | गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा योजना सम्झौतामा देहाय बमोजिमको व्यवस्था गरेकोमा शर्तहरुको पालना गरेको देखिँदैन। | | |
| २०.३ | | | **उपभोक्ता समितिसँग सम्बन्धित जिम्मेवारी तथा पालना गरिने शर्तहरुः**<br>· नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेमा राखेको छैन।<br>· कुनै सामग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको वील भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेमा सो प्रमाणित गरेको छैन।<br>· मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु. २०,०००।- भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन।<br>· निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आईटमहरुमा परिर्वतन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनुपर्नेमा गरेको छैन।<br>· उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्बन्धित कार्यालयलाई बुझाउनु पर्नेमा सो गरेको छैन।<br>· सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित वील भरपाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपीको आंशिकमात्र पालना भएको।<br>· आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेमा सोको अनुगमन भएको छैन।<br>· उपभोक्ता समितिले कुनै पनि कार्यक्रम कार्यलयसँग सम्झौता गरी सञ्चालन गरी तोकिएको समय भित्र सम्पन्न हुन नसकेमा के कति कारणले काम सम्पन्न गर्न नसकिने हो सोको कारण खुलाई उपभोक्ता समितिको निर्णय, वडाको सिफारिस सहित म्याद भित्रै कार्यलयमा म्याद थपको स्वीकृति लिनुपर्नेमा ढिलो गरी म्याद थपको लागि निवेदन दिएको छ।<br>**कार्यालयसँग जिम्मेवारी तथा पालना गरिने शर्तहरुः**<br>· आयोजनाको वजेट, उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखाङ्कन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिने व्यवस्थको पालना भएको छैन। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | · पेस्की लिएर लामो समयसम्म आयोजना संचालन नगर्ने उपभोक्ता समितिलाई कार्यालयले नियम अनुसार कारवाही गर्ने व्यवस्थाको पालना भएको छैन।<br>श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख भएतापनि अधिकांश कार्यमा मेशिनरी उपकरणको प्रयोग गरेको छ।<br>उल्लेखित शर्तहरुको परिपालना नभएबाट कामको लागत, गुणस्तर एवं प्रतिफलको सम्बन्धमा आश्वस्त हुन सकिएन। तसर्थ, शर्तहरुको पालना हुनुपर्दछ। | | |
| २०.४ | | | **हेभी ईक्विपमेन्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ। | | |
| २०.५ | | | **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ। | | |
| २०.६ | | | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ। | | |

| | | | | |
|---|---|---|---|---|
| | | | गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ। | |
| २०.७ | | | **एजविल्ट नक्सा पेश नभएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ। | |
| २०.८ | | | **मर्मत संभार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु- सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ। | |
| २०.९ | | | **नापी किताबः** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै, अघिल्लो वीलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको वीलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ।अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ वील अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढांचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिंदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिई अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा अभिलेख व्यवस्थित गरि राख्नु पर्दछ। | |
| २१ | | | **शिक्षा तर्फः** | |
| २१.१ | | | **तलबी प्रतिवेदनः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सो प्रतिवेदन आधारमा अनुदान दिने व्यवस्था रहेको छ। कार्यलयले यस आ.व. मा २८ वटा विद्यायहरूका शिक्षकहरूलाई तलब भुक्तानी दिदा तलबी प्रतिवेदन पारित नगराई भुक्तानी गरेको देखिन्छ। कार्यालयले तलबी प्रतिवेदनको आधारमा मात्र अनुदान दिनु पर्छ। | |

| | | | | |
|---|---|---|---|---|
| २१.२ | | | **बुक कर्नरः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ मा शिक्षण सिकाई सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्याथी लागत अनुदान कक्षा (१-५) प्रति विद्यार्थी बार्षिक रू १५०, कक्षा (६-१०) प्रति विद्यार्थी वार्षिक रू २०० र कक्षा (११- १२) प्रति विद्यार्थी २५० अनुदान दिने व्यवस्था रहेकोमा विद्यालयलाई बुक कर्नरका लागी अनुदान दिदा कक्षा १ देखी १२ सम्मको विद्याथीहरूको यथार्थ तथ्याङ्क नलिई अनुदान दिएको देखियो। IEMIS को आधारमा निम्न विद्यालयलाई अनुदान वढी गएको देखिन्छ।अतः बुक कर्नरमा वढी गएको अनुदान रकम असुल हुनु पर्ने रू | १२९,८०० |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| २१.२.१ | मदर्सा यस्लामिया फाइजु उलुम देवरवाना | ६,९०० |
| २१.२.२ | मदर्सा यस्लामिया नुरुल उलुम कौवावन कटैया | ६,१०० |
| २१.२.३ | नेपाल राष्ट्रिय मा वि ओझैया प्रसौनी | ५,४०० |
| २१.२.४ | नेपाल राष्ट्रिय मा वि देवरवाना | ६,६०० |
| २१.२.५ | दलित मुक्ति प्रावि सोलखपुर | २,१०० |
| २१.२.६ | मक्तव विस वाहुल उलुम कोवावन कटैया | १,४०० |
| २१.२.७ | राम जानकी प्रावि | २,८०० |
| २१.२.८ | अरुनोदय युवा प्रावि | २,५०० |
| २१.२.९ | ने रा मावि महुवन | ६,१०० |
| २१.२.१० | जानकी राजेश पण्डित निमावि | १२,००० |
| २१.२.११ | दिप नारायण आदर्स मा वि | ८,४०० |
| २१.२.१२ | मोहन आदर्स आधारभुत विद्यालय | ६,००० |
| २१.२.१३ | गढी भगवती प्रावि सखुवा प्रसौनी | ३,००० |
| २१.२.१४ | ने रा प्रावि जगदिसपुर जगनिया | ३,१०० |
| २१.२.१५ | ने रा प्रा वि कौवावन | ११,२०० |
| २१.२.१६ | नेपाल राष्ट्रिय आ वि कौवावन कटैया | ६,५०० |
| २१.२.१७ | नेरा प्रावि एकडरवा | ३,५०० |
| | | |

| | | |
|---|---|---|
| २१.२.१८ | देवि माइ प्रा वि लखनपुर | ८,२०० |
| २१.२.१९ | नेरा निमावि सिद्धपुर | ४,६०० |
| २१.२.२० | गढी भगवती प्रावि सखुवनिया | १,३०० |
| २१.२.२१ | नेरा मावि सियरही सथवल | ४,४०० |
| २१.२.२२ | भोलेशंकर आ वि औराहारेन्ज | २,२०० |
| २१.२.२३ | नेरा प्रा वि दोहरी | २,६०० |
| २१.२.२४ | भगवान रामचन्द्र प्रा वि खजुरिया | २,५०० |
| २१.२.२५ | दलित प्रा वि महुवान | ३,३०० |
| २१.२.२६ | गुलवरिया फारम प्रा वि | ४,१०० |
| २१.२.२७ | शिव प्रा वि रामभौरी | १,२०० |
| २१.२.२८ | रामसुरत महतो प्रावि श्रीपुर | १,८०० |
| २१.२.२९ | | ० |

| | | | | |
|---|---|---|---|---|
| २१.३ | | | **छात्रवृत्तीः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ मा सार्वजनिक गैरआवासीय विद्यालयमा छात्रवृति IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई दलित छात्रवृति कक्षा १ देखि ८ सम्म प्रति विद्यार्थी रू ४००, आधारभूत तहमा अध्ययनरत लक्षित समूह-२२ जनजाती तथा सीमान्तकृत समूह, मुक्त कमैया, वादी, हलिया, चरूवाका सन्तति समेतका विद्यार्थीका लागी प्रति विद्यार्थी वार्षिक रू ५०० छात्रवृति दिने व्यवस्था रहेको छ। देहाय बमोजिम निकासा दिनुपर्ने भन्दा बढीले रु ३६८००० ले छात्रवृति रकम निकासा गरेकोले सो रकम असुल हुनुपर्ने रु.. | ३६८,००० |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| २१.३.१ | नेपाल राष्ट्रिय मा वि ओझैया प्रसौनी | १०,८०० |
| २१.३.२ | नेपाल राष्ट्रिय मा वि देवरवाना | २७,६०० |
| २१.३.३ | दलित मुक्ति प्रावि सोलखपुर | १२,४०० |
| २१.३.४ | राम जानकी प्रावि | १,२०० |
| २१.३.५ | अरुनोदय युवा प्रावि | १०,००० |
| २१.३.६ | ने रा मावि महुवन | ५३,६०० |
| २१.३.७ | जानकी राजेश पण्डित निमावि | ११,६०० |
| २१.३.८ | दिप नारायण आदर्स मा वि | २७,२०० |
| २१.३.९ | मोहन आदर्स आधारभुत विद्यालय | ३८,००० |
| २१.३.१० | गढी भगवती प्रावि सखुवा प्रसौनी | १३,२०० |
| २१.३.११ | ने रा प्रावि जगदिसपुर जगनिया | १२,४०० |
| २१.३.१२ | ने रा प्रा वि कौवावन | ११,६०० |
| २१.३.१३ | नेपाल राष्ट्रिय आ वि कौवावन कटैया | १२,८०० |
| २१.३.१४ | नेरा प्रावि एकडरवा | ६,००० |
| २१.३.१५ | देवि माइ प्रा वि लखनपुर | ५,६०० |
| २१.३.१६ | नेरा निमावि सिद्धपुर | ७,६०० |
| २१.३.१७ | गढी भगवती प्रावि सखुवनिया | ८०० |
| | | |

| | | |
|---|---|---|
| २१.३.१८ | नेरा मावि सियरही सथवल | १९,२०० |
| २१.३.१९ | भोलेशंकर आ वि औराहारेन्ज | १०,८०० |
| २१.३.२० | नेरा प्रा वि दोहरी | ८,४०० |
| २१.३.२१ | भगवान रामचन्द्र प्रा वि खजुरिया | ११,६०० |
| २१.३.२२ | दलित प्रा वि महुवान | ३७,२०० |
| २१.३.२३ | गुलवरिया फारम प्रा वि | ७,२०० |
| २१.३.२४ | शिव प्रा वि रामभौरी | ५,६०० |
| २१.३.२५ | रामसुरत महतो प्रावि श्रीपुर | ५,६०० |
| २१.३.२६ | | ० |

| | | | | |
|---|---|---|---|---|
| २२ | | | **स्वास्थ्य तर्फः** | |
| २२.१ | | | **तलवी प्रतिवेदनः** निजामति सेवा ऐन, २०४९ को दफा ७ बमोजिम कर्मचारीको तलवी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा गाउँपालिकाले स्वास्थ्य तर्फका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु १४३७०६९४ तलब खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी तलव र ग्रेड भुक्तानी दिंदा कर्मचारीहरुले पाउनु पर्ने ग्रेड रकम एकिन हुन नसकेकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ। | |
| २२.२ | | | **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर, स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. २०९९३००। - का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्: | |
| २२.३ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको। | |
| २२.४ | | | आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको। | | |
| २२.५ | | | आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। | | |
| २२.६ | | | औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको। | | |
| २२.७ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।<br>तसर्थ, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | | |
| २३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो सरसफाई तथा वृक्षारोषण निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १०९ जनालाई रोजगारी उपलव्ध गराई रु. १९,३३,५८०।– खर्च गरेको छ । लक्षित वर्गलाई २८ दिनदेखि ४२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | | |
| २४ | | | **सामाजिक सुरक्षा तर्फः** | | |
| २४.१ | | | **सफ्टवेयर प्रणालीः** माजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहोरिएर आउने लगायत समस्या देखिएको छ। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ। | | |
| २४.२ | | | **पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन। | | |
| २४.३ | | | **सार्वजनिक सुुवाई:** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ। | | |
| २४.४ | | | **अनुगमन:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | | |
| २४.५ | | | **भत्ता वितरण:** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· कार्यविधि, २०७६ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय **(Dormat)** खाताको विवरण प्रत्येक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण **(Reverse Feed)** सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि पहिलो चौमासिकको मंसिर ७, दोस्रो चौमासिकको चैत्र ७ एवं तेस्रो चौमासिकको असार मसान्त भित्र भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित **Reverse Feed,** निष्कृय खाता र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन। कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरुको बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नु पर्ने देखिन्छ।<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी | | |

| | | | | |
|---|---|---|---|---|
| | | | कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस वारे पालिकाले कुनै कारवाही गरेको देखिएन। | |
| २४.६ | | | **निष्कृय खाता विवरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २४ बमोजिम बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम, बैङ्क खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ बमोजिमको चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ। अनूसूची ८ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा गरेको विवरण देखिने रिभर्स फिड सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पालिकालाई दिनुपर्ने उल्लेख छ। तेश्रो चौमासकिको सामाजिक सुरक्षा वापतको रकम एकमुष्ठ बैङ्कमा पठाएकोमा उल्लेखित प्रावधानको पालना भएको छैन। बैङ्कले खातामा जम्मा गरेको विवरण देखिने रिभर्स फिड सहित बाँकी रकम भए सो रकम यकिन गरी संघीय सञ्चितकोषमा दाखिला गर्नु पर्दछ। | |
| २४.७ | | | पालिकाले वडा नं १ को सामाजिक सुरक्षा भत्ता प्रथम,दोस्रो र तेस्रो चौमासिकमा जम्मा रू १३१३७५७३.०० नेपाल बैँक शाखा कार्यालय जितपुरमा पठाएकोमा बैँकले कति लाभग्राहीलाई वितरण गरिएको हो र कति रकम बाँकी रहेको छ सो को विवरण पालिकालाई नपठाएको हुँदा वितरण गरेको रकम र बाँकी रकम यकिन गरी बाँकी रहेको रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ । | |
| २४.८ | | | **सफ्टवेयर प्रणालीः** कार्यपालिकाले प्रयोग गरेको MIS मा अद्यावधिक भएको सामाजिक सुरक्षा भत्ता पाउनेको संख्याको आधार नलिई सामाजिक सुरक्षा भत्ता रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट माग गरी बैङ्कमा ट्रान्सफर गरेको देखिन्छ। त्यस्तै, देहाय बमोजिम MIS ले अघिल्लो वर्षको अद्यावधिक, यस वर्षको थप र लगत कट्टा पछिको अद्यावधिक संख्याको तेस्रो चौमासिकमा जोडजम्मा नमिलेको देखिन्छ। लेखापरीक्षणको क्रममा कार्यालयले पेश गरेको MIS विवरण देहाय बमोजिम छ। जसमा उदाहरणको लागि जेष्ठ नागरिक भत्ता (७० वर्ष माथि) को विवरणमा दोस्रो चौमासिकमा कायम संख्या १०६४ रहेकोमा तेश्रो चौमासिकमा थप संख्या १०६ र लगत कट्टा ६७ ले कायम संख्या ११०३ हुनु पर्नेमा MIS ले ११९३३ देखाएको छ। | |

| लक्षित समुह | गत आब बाट नविकरण भएको संख्या | पहिलो चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | बढी संख्या | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ थप संख्या | लगत कट्टा | कायम संख्या | नयाँ थप संख्या | लगत कट्टा | कायम संख्या | नयाँ थप संख्या | लगत कट्टा | कायम संख्या | | |
| जेष्ठ नागरिक भत्ता (७० वर्ष माथि) | १०१३ | १०४ | २७ | १०९० | ३ | २९ | १०६४ | १०६ | ६७ | ११३३ | ३० | ३६०००० |
| जेष्ठ नागरिक भत्ता (दलित) | १९८ | ५१ | २ | २४७ | ० | १ | २४६ | २८ | २ | २७३ | १ | ८००० |
| जेष्ठ नागरिक एकल महिला | १९६ | ३२ | ३ | २२५ | ५ | २ | २२८ | ७ | ४ | २३३ | २ | १६००० |
| विधवा | १७१ | ९५ | २ | २६४ | ६ | ४ | २६६ | ३० | ६ | २९० | | |
| पूर्ण अपाङ्गता | १६ | १३ | १ | २८ | १ | १ | २८ | ४ | १ | ३१ | | |
| अति अशक्त अपाङ्ग | ३६ | १६ | ० | ५२ | ३ | ० | ५५ | ७ | ० | ६२ | | |
| द.बालबालिका | २४५ | ४१४ | ४२ | ६१७ | २४ | ४९ | ५९२ | २६ | ७४ | ५६७ | २३ | ३६८०० |
| जम्मा | १८७५ | ७२५ | ७७ | २५२३ | ४२ | ८६ | २४७९ | २०८ | १५४ | २५८९ | ५६ | ४२०८०० |

२५ **वित्तीय समानिकरण चालू तर्फः**

२५.१ **तलबी प्रतिवेदनः** निजामति सेवा ऐन, २०४९ को दफा ७ बमोजिम कर्मचारीको तलवी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा नगरपालिकाले प्रशासन तर्फका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु ५२६४५७९ तलब खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी

<table>
<tr><td></td><td></td><td></td><td>तलव र ग्रेड भुक्तानी दिंदा कर्मचारीहरुले पाउनु पर्ने ग्रेड रकम एकिन हुन नसकेकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>संघीय ईकाइमा खर्चः स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार संघीय कार्यालयमा विविध खर्च गर्न मिल्ने व्यवस्था रहेको देखिंदैन। गाउँपालिकाले देहाय अनुसार संघीय कार्यालय मातहत रहेका इकाइमा विपद व्यवस्थापन सामग्री, कार्यालय संचालन खर्च तथा गाडी मर्मत, सेड निर्माण लगायतमा रु ६७०८९७ खर्च उपलव्ध गराएको पाइयो । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ र मिति</th><th>इकाइको नाम</th><th>खर्च रु.</th><th>विवरण</th></tr>
<tr><td>४७/०७७।७।२८</td><td>ईलाका प्रहरी कार्यालय, पटेर्वा सुगौली</td><td>३९२२५</td><td>गाडी मर्मत</td></tr>
<tr><td>७३/०७७।९।१</td><td>शसस्त्र प्रहरी बल सुरक्षा वेश, बागेश्वरी</td><td>२५०००</td><td>गाडी मर्मत</td></tr>
<tr><td>१७२/०७७।११।२३</td><td>ईलाका प्रहरी कार्यालय, पटेर्वा सुगौली</td><td>९९५००</td><td>गाडी मर्मत</td></tr>
<tr><td>१८६/०७७।१२।३</td><td>जिल्ला प्रशासन कार्यालय, पर्सा</td><td>७७००</td><td>भ्रमण खर्च</td></tr>
<tr><td>२२०/०७७।१२।३०</td><td>जिल्ला प्रशासन कार्यालय, पर्सा</td><td>८८००</td><td>भ्रमण खर्च</td></tr>
<tr><td>२५१/०७८।१।३०</td><td>जिल्ला प्रहरी कार्यालय, पर्सा</td><td>४९०६७२</td><td>भवन निर्माण</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६७०८९७</td><td></td></tr>
</table></td><td></td></tr>
